जि.प्र.का. काठमाडौं द.नं. ३३७/२०६८/६९

राष्ट्रिय साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल
National Association of Small Town Drinking Water and Sanitation User's Nepal
(NASDSUN)

# प्रेश बिज्ञप्ति

आज विश्वमा माहामारिको रुपमा फैलियको कोरोना भाईरस (कोभिड १९) ले मानव जिवनलाई त्रसिद बनाएको छ । नेपाल अधिराज्यमा फैलिन सक्ने सम्भावनालाई मध्यनजर गर्दै यसको रोकथाम, नियन्त्रण र निर्मुल पार्ने उदेश्यले नेपाल सरकारले मिति:२०७६ चैत्र ११ देखी हालसम्म Lockdown गरेको अवस्थामा समेत खानेपानी उपभोक्तालाई पानीको अभाव नहोस भनी हाम्रा मातहतका आयोजनाहरुले अत्यावश्यक खानेपानीको सहज आपूर्ति निरन्तर गर्दै आएकाछन् ।

बिधुत डिमाण्ड चार्ज, विधुत महसुल र आयकरको अन्योलताका कारण खानेपानी आयोजनामा परेको प्रत्यक्ष प्रभावलाई न्यूनिकरण गर्न लामो समयदेखि गर्दै आएको अथक प्रयास नेपाल सरकारले सुनिदिएको छ । यस आर्थिक बर्ष २०७७/७८ को प्रस्तुत बजेट मार्फत खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको बिधुत डिमाण्ड शुल्क मिनाहा, बिधुत महसुलमा सहुलियत र आयकरको तिर्नबांकी कर शुल्क ब्याज मिनाहा जस्तो सह्रानिय कार्यले नेपाल अधिराज्य भरीका खानेपानी आयोजनालाई धेरै राहत मिलेको महसुस भएको छ ।

साना शहरी खानेपानी आयोजनाहरु दक्षिण एसियाकै नमुना खानेपानी आयोजना हो । नमुनाको रुपमा स्थापना हुंदै गएका यि आयोजनामा अध्यायन अवलोकन गर्न एसियाका विभिन्न ठाउंबाट बिज्ञहरुको टोलीको भ्रमण हुन थालेको छ जुन देशकै गौरबको बिषय हो । जनसंख्या बृद्धि, शहरीकरण लगाएत खानेपानीको स्रोत खुम्चिदै गएको अवस्थामा साना शहरी खानेपानी आयोजनाले देशमा उदाहरणिय काम गर्दै आएको छ । नेपाल सरकारको नीतिगत निर्णय र दिर्घकालिन रणनीतिका साथ प्रत्यक्ष निगरानिमा संचालन हुंदै आएका साना शहरी/शहरी खानेपानी आयोजनाहरु प्रति नेपाल सरकार स्वयंनै अभिभावकको भुमिका निर्वाह गर्न तत्पर देखिएकोले उपभोक्ता समेत खुसि भएकाछन् । एसियाली बिकास बैंकको आर्थिक सहयोग, स्थानिय तहको प्रत्यक्ष लगानी र नगर बिकास कोषको ऋण लगानीमा स्थापना भएका आयोजनाहरु पहिलो चरणमा सुरु भएको २९ आयोजना र ति आयोजनाको उत्साहजनक सफलताका कारण दास्रो चरणमा २१ वटा, तेस्रो चरणमा २६ र अहिले चौथो चरणमा १४ वटा आयोजना छनोट भई देशभरमा लगभग ९० वटा साना शहरी/शहरी खानेपानी आयोजनाले कामगर्दै आएको छ भने कतिपय आयोजना संचालनको तयारीमाछन् । आयोजनाहरु शहरको पूर्वाधार विकाश संथै थपिदै जाने निश्चित छ ।

उपभोक्ता संस्थाहरु बिच आपसी सहयोग, समन्वय, सहकार्य र साझेदारी प्रबर्द्धन गर्दै बिश्व स्वाथ्य संगठन मापदण्ड अनुरुपको गुणस्तरीय खानेपानी उत्पादन गर्दै उपभोक्ता संस्थाहरुको हक हित संरक्षण सहित नेपाल सरकारसंग हातेमालो गर्ने उद्देश्यका साथ बि.सं.२०६८ सालमा यस महासंघको स्थापना भई छाता संगठनको रुपमा देशभरी खानेपानीको क्षेत्रमा नीतिगत पैरवी गर्दै आएको छ ।

खानेपानी जस्तो सम्बेदनशिल बस्तुलाई उच्च प्राथमिकतामा राखेर सरकारले गरेको निर्णय अत्यन्त सह्रानिय र स्वागत योग्य छ । यस निर्णयको लागि माननीय अर्थमन्त्रीज्यू, माननीय खानेपानी मन्त्रीज्यू, माननीय खगराज अधिकारीज्यू, श्री सचिवज्यू, श्री महानिर्देशकज्यू, श्री आयोजना प्रमुखज्यू, खानेपानी मन्त्रालय र खानेपानी बिभागका उच्च पदस्थ अधिकारीज्यूहरु, नगर बिकास कोष लगाएत आफ्नो क्षेत्रबाट सहयोग गर्नु हुने सबैमा देशव्यापी रुपमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरु सहित म आफ्नो र राष्ट्रिय साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ परिवारको तर्फबाट हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्न चाहन्छु

NASDSUN 2011 काठमाडौं

टोरुप प्रसाई
अध्यक्ष

मिति: २०७७/०२/१८